६	वडा न ८ मा बृक्षाराेपण कार्यक्रम	३११५७	५००००	
७	वडा न ८ मा सरसफाई कार्यक्रम	३११५८	२०००००	
८	वडा न ८ काे हनुमान मन्दिर निर्मा	३११५९	२०००००	
९	वडा न ८ मा चौतारो निर्माण जगतपुर	३११५९	१०००००	
१०	वडा न ८ मा ईनार मर्मत जगतपुर	३११५९	१०००००	
११	वडा न ८ काे डाडा टाेल पताैराकाे ब्रम्हस्थान निर्माण तथा कल जडान	३११५९	२०००००	
१२	वडा न ८ मा ब्रम्हस्थान भित्र ट्रस्ट तथा कल निर्माण	३११५९	२०००००	
१३	वडा न ८ मा रामप्रसाद र मनाेजकाे घर नजिक कुलाेमा गेट निर्माण	३११५९	३०००००	
१४	वडा न ८ मा हातीसार फिल्डकाे वरपिपलमा चाैताराे निर्माण	३११५९	२०००००	
१५	वडा न ८ मा मर्मत तथा वाइरीङ्ग पिण्डेश्वर क्लव	३११५९	१०००००	
१६	वडा न ८ मा गाेवीन्द थापाकाे घर देखी पछाडी कृषी सडक तथा कलभर्ट निर्माण	३११५९	२०००००	
१७	वडा न ८ मा ईन्द्रपुरकाे चर्चे मर्मत	३११५९	१०००००	
१८	वडा न ८ मा कपिलकाे घर देखि कृष्णकाे घर जाने अधुराे सडक ढलान	३११५९	६०००००	
१९	वडा न ८ मा कृष्ण पाण्डेकाे घर देखि रामवाबु ढुगानाकाे घर सम्म सडक सल्याव ढलान	३११५९	६०००००	
२०	वडा न ८ मा मुसहरी टाेल सडक सल्याव ढलान	३११५९	२०००००	
२१	वडा न ८ मा विनाेदकाे घर केदारकाे घर जाने सडक सल्याव ढलान	३११५९	२०००००	
२२	वडा न ८ मा गणेशकाे घर देखी देवीराजकाे घर सम्म सडक सल्याव ढलान	३११५९	२०००००	
२३	वडा न ८ मा बाबुलालकाे घर देखी कालु माईलाकाे घर सम्म सडक सल्याव ढलान	३११५९	६०००००	
२४	वडा न ८ मा रामचन्द्रकाे घर देखी खाेला सम्म ग्रवेल	३११५९	१०००००	
२५	वडा न ८ मा हातीसारकाे घर छेउछाउमा नालामा सल्याव निर्माण	३११५९	२०००००	
२६	वडा न ८ मा परभन्सकाे घर देखी शिवजीकाे घर देखी पुर्व सडक सल्याव ढलान	३११५९	२५०००००	
२७	वडा न ८ मा राम एकवाल दासकाे घर देखी पुर्वकाे सडक सल्याव ढलान	३११५९	४०००००	
२८	वडा नं ८ मा लामा कान्छाकाे घर देखी लेखारलीकाे घर सम्म ग्राभेल	३११५९	१०००००	
२९	वडा न ८ काे इन्द्रपुर सार्वजनिक विध्यालयमा तारवार सहित पुर्वाधार निर्माण विध्यालय शाैचालय निर्माण संचालन अ.	३११५९	३०००००	

Scanned with CamScanner

हरिपुर नगरपालिका

वार्षिक कार्यक्रम स्वीकृति फारम

अनुसूची ७

आर्थिक वर्ष : २०७६/७७

बजेट उपशीर्षक : ८०२१९४०९२०८

बजेट उपशीर्षकको नाम : हरिपुर नगरपालिकावडा नं.८

रु.

सि. नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शिर्षक	आ.व. २०७६/७७ को बार्षिक बजेट	कैफियत
३०	वडा न ८ मा अधुराे दलित भवन निर्माण	३११५९	३०००००	
	पुँजीगत खर्च जम्मा		६७७५०००	
	चालु खर्च			
१	वडा न ८ मा अपाङ्गहरुलाई सिपमुलक तालिम	२२५१२	१०००००	
२	वडा न ८ मा महिलाहरुलाई सिलाई बुनाई तालिम	२२५१२	१५००००	
३	वडा न ८ मा वालकल्वहरुलाई खेलकुद सामाग्री वितरण	२२५२२	१५००००	
४	वडा न ८ मा खेलकुद विकास कार्यक्रम	२२५२२	१२५०००	
५	वडा न ८ मा जेष्ठ नागरिक सम्मान कार्यक्रम	२२५२२	१५००००	
६	वडा नं ८ मा इन्द्रपुर ब्रम्हस्थानमा घेरा वेरा र माटाे काम	२२५२९	५००००	
	चालु खर्च कार्यक्रमको जम्मा		७२५०००	
	कुल खर्च जम्मा		७५०००००	

Scanned with CamScanner

हरिपुर नगरपालिका

वार्षिक कार्यक्रम स्वीकृति फारम

अनुसूची ७

आर्थिक वर्ष : २०७६/७७

बजेट उपशीर्षक : ८०२१९४०९२०९

रु.

बजेट उपशीर्षकको नाम : हरिपुर नगरपालिकावडा नं.९

सि. नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शिर्षक	आ.व. २०७६/७७ को बार्षिक बजेट	कैफियत
	पूंजीगत खर्च			
१	वडा नं ९ मा बाख्रा साटा साट कार्यक्रम	३११३१	१०००००	
२	वडा नं ९ मा खानेपानी पाइप विस्तार सावि‍क १ देखी ८ सम्म	३११५६	९५००००	
३	वडा नं ९ मा सावि‍क वडा नं १ काे सुरेन्द्र साहकाे घर देखी दिलिप सिंहकाे घर सम्म सडक ढलान कार्यक्रम	३११५९	५०००००	
४	वडा नं ९ मा सावि‍क वडा नं २ काे टंक सिंहकाे घर देखी सरयुग चाैधरीकाे घर सम्म सडक ढलान कार्यक्रम	३११५९	५०००००	
५	वडा नं ९ मा मुल सडक देि‍ख एस एन आर टि पी छुने सडक ढलान कार्यक्रम	३११५९	३०००००	
६	वडा नं ९ मा पायु साहकाे घर देखी भुइया स्थान सम्म सडक ढलान कार्यक्रम	३११५९	५०००००	
७	वडा नं ९ मा बवार चाेंक देखी तटवन्ध सम्म सडक स्तराेन्नती कार्यक्रम	३११५९	५०००००	
८	वडा नं ९ सावि‍क वडा नं ९ काे चाैतारा देखी राम ध्यान चाैधरीकाे घर सम्म सडक ढलान कार्यक्रम	३११५९	७०००००	
९	वडा नं ९ मा रामजानकी मठ देखी सवाना खातुनकाे घर सम्म धर्मशाला वाल भत्काउनेकार्यको लागी रु २००००० र ढलान कार्यक्रमको लागी रु 500000	३११५९	७०००००	
१०	वडा नं ९ मा सडक मर्मत सम्भार	३११५९	१०००००	
११	वडा नं ९ मा शिवजी ठाकुरकाे घर देखी शम्भु अचललालकाे घर सम्म सडक स्तराेन्नती कार्य	३११५९	५००००	
१२	वडा न ९ मा आर्य समाज धर्मशाला निर्माणा कार्यक्रम	३११५९	९०००००	
	पुँजीगत खर्च जम्मा		५८०००००	
	चालु खर्च			
१	वडा नं ९ मा पिडारीमा कृषी कुलाे कार्यक्रम	२२५२९	१०००००	
२	वडा नं ९ ढावटाेल कुलाे कार्यक्रम	२२५२९	५००००	
३	स्वास्थ्य चाैकी निर्माणा तथा सन्त कविर सेवाश्रम अनुदान र आयुर्वेद ओषधालय	२२५२९	२०००००	
४	वडा नं ९ मा ब्रम्हस्थान मन्दिर निर्माण कार्यक्रम	२२५२९	५०००००	
५	वडा नं ९ मा दुर्गा पुजा सांस्कृती कार्यक्रम	२२५२९	१०००००	
६	वडा नं. ९ मा शुसासन तथा पत्रकारीता र सुचना तथा सन्चार	२२५२९	५००००	
७	वडा नं ९ मा कार्यालयकाे समान तथा उपकरण खरिद	२२५२९	५००००	
८	वडा नं ९ मा खेलकुद कार्यक्रम	२२५२९	५००००	
९	वडा नं ९ मा नाला सरसपफाइ कार्यक्रम	२२५२९	५००००	
१०	वडा नं ९ मा रामलगन मावि पिडारी समान खरिद कार्यक्रम	२५३११	४०००००	
११	वडा नं ९ मा जनता प्रावि ढावटाेल	२५३११	५००००	
१२	वडा नं ९ मा विपद ब्यवस्थापन कार्यक्रम	२७२१२	१०००००	
	चालु खर्च कार्यक्रमको जम्मा		१७०००००	
	कुल खर्च जम्मा		७५०००००	

Scanned with CamScanner

हरिपुर नगरपालिका

Conditional grant in accordance with program / project

आ.व. : २०७६/७७ बजेटको स्रोत/तह : नेपाल सरकार रु.

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
१	आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत)	सबैका लागि शिक्षा- आधारभूत तह - 35000014	शिक्षा	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	३६२२५०००	
२	माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत)	माध्यामिक तह - 35000015	शिक्षा	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	८२७४०००	
३	तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१८०८४०००	
४	प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१९१८०००	
५	प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२९९५०००	
६	विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	४२९७०००	
७	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१२३५०००	
८	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१८२३०००	
९	शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत)	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	३०५००००	

Scanned with CamScanner

हरिपुर नगरपालिका

Conditional grant in accordance with program / project

आ.व. : २०७६/७७ बजेटको स्रोत/तह : नेपाल सरकार

रु.

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
१०	सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	३२३८०००	
११	सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय)	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	३८४३०००	
१२	तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने अनुदान	२८८३०००	
१३	तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने ऋण	५१२५०००	
१४	प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने ऋण	५४३०००	
१५	प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने अनुदान	३०६०००	
१६	प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने अनुदान	४७७०००	
१७	प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने ऋण	८४८०००	

Scanned with CamScanner

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
१८	विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने ऋण	१२१८०००	
१९	विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने अनुदान	६८५०००	
२०	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने अनुदान	१९७०००	
२१	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने ऋण	३५००००	
२२	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने ऋण	५१७०००	
२३	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने अनुदान	२९१०००	
२४	शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत)	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस.डि. पि. - सोधभर्ना हुने अनुदान	४८६०००	

Scanned with CamScanner

हरिपुर नगरपालिका

Conditional grant in accordance with program / project

आ.व. : २०७६/७७ बजेटको स्रोत/तह : नेपाल सरकार

रु.

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
२५	शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत)	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस. डि. पि. - सोधभर्ना हुने ऋण	८६४०००	
२६	सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस. डि. पि. - सोधभर्ना हुने ऋण	९१७०००	
२७	सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस. डि. पि. - सोधभर्ना हुने अनुदान	५१६०००	
२८	सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय)	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस. डि. पि. - सोधभर्ना हुने अनुदान	६५९०००	
२९	सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय)	विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर - 35000801	शिक्षा	नेपाल सरकार	एस.एस. डि. पि. - सोधभर्ना हुने ऋण	१११८०००	
जम्मा						१०२९८३०००	

Scanned with CamScanner

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
१	स्थानीय तहका स्वास्थ्य चौकी,प्रा स्वा के र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव महगी भत्ता स्थानीय भत्ता पोषाक लगायत अन्य प्रशासनीक खर्च समेत	प्राथमिक स्वास्थ्य सेवा - 37001012	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	३२४७००००	
२	उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, कार्यक्रमका लागि आवश्यक स्टेशनरी तथा फर्म फरमेट फोटोकपी, बिरामीको व्यक्तिगत विवरण ई-टि.बि रजिस्टरमा अध्यावधिक, समुदाय परिचालन गरि क्षयरोग विरामी निदानका लागि प्रेषण तथा उपचार, विश्व क्ष	क्षयरोग नियन्त्रण - 37001101	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	४५०००	
३	कार्यक्रमको नियमित अनुगमन तथा मुल्यांकन गरि कार्यक्रमको गुणस्तरीयता सुनिस्चित गर्ने, स्थलगत अनुशिक्षण गरि स्वास्थ्यकर्मिहरूको क्षमता अभिवृध्दि, क्षयरोगका बिरामीको उपचारको नतिजको कोहर्ट विश्लेषण तथा कार्यक्रमको चौमासिक समिक्षा	क्षयरोग नियन्त्रण - 37001101	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	६५०००	
४	स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्ती तथा स्वास्थ्य सेवामा पहुच कम भएका, कारागार, गुम्बा, स्कुल, बृधाश्रम,उद्योग भएको क्षेत्र, शहरी घनाबस्ती, लगायत अन्य क्षयरोगका जोखिमयुक्त जनसंख्यामा माइक्रोस्कोपिक क्याम्प लगायतका अन्य सकृय क्षयरोग खोजपडताल कार्यक्रम	क्षयरोग नियन्त्रण - 37001101	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	४८०००	
५	परिवार योजन तथा प्रजनन स्वास्थ्य कार्यक्रम	एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम - 37001103	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	५५२०००	
६	परिवार योजन तथा प्रजनन स्वास्थ्य कार्यक्रमका लागि औजार/उपकरण खरिद	एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम - 37001103	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२७०००	

Scanned with CamScanner

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
७	मातृ तथा नवशिशु कार्यक्रम	एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम - 37001103	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२३००००	
८	मातृ तथा नवशिशु कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण	एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम - 37001103	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१००००	
९	मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, ANC, न्यानो झोला, Vitamin K Magnesium Sulphate, Calcium Gluconate र निशुल्क गर्भपतन कार्यक्रम	एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम - 37001103	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२४८५०००	
१०	मातृ तथा नवशिशु कार्यक्रमका लागि व्यक्ति करार	एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम - 37001103	स्वास्थ्य	नैपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२६६०००	

Scanned with CamScanner

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
११	खोप केन्द्र निमार्ण	एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम - 37001104	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	३८६०००	
१२	दानुरा रुवेला खोप अभियान	एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम - 37001104	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	८१०००	
१३	नियमित तथा पुर्ण खोप दिगोपना र खोप ढुवानी	एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम - 37001104	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	३१७०००	
१४	पोषण कार्यक्रम (नेपाल सरकार)	एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम - 37001104	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	४३३०००	
१५	रोटा खोप सुरुवात	एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम - 37001104	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२००००	

Scanned with CamScanner

हरिपुर नगरपालिका

Conditional grant in accordance with program / project

आ.व. : २०७६/७७ बजेटको स्रोत/तह : नेपाल सरकार

रु.

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
१६	औलो नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन, औलो माहामारी हुने औलो ग्रसीत क्षेत्रको छनौट गरी बिषादि छर्कने (रेस्पोन्सीभ स्प्रेइङ समेत), विश्व औलो नियन्त्रण दिवस मनाउने तथा औलो नियन्त्रणका लागि बहुनिकाय अन्तरक्रिया	महामारी तथा रोग नियन्त्रण कार्यक्रम - 37001105	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२००००	
१७	कालाजार माहामारी हुने क्षेत्रमा बिषादि छर्कने खर्च, कालाजार रोगीहरुलाई उपचारका लागि अस्पताल सम्म आउने यातायात खर्च अनुदान (प्रति केस रू १०००), कालाजार विरामीहरुको विभिन्न परिक्षण गर्ने (प्रति केस रू. ५००० सम्म)	महामारी तथा रोग नियन्त्रण कार्यक्रम - 37001105	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१०००००	
१८	नसर्ने रोग सम्बन्धि कार्यक्रम (अभिमुखिकरण, नसर्ने रोग तथा मानसिक स्वास्थ्यसम्बन्धि सचेतना कार्यक्रम(Hypertension, Diabetes, COPD, Cancer days))	महामारी तथा रोग नियन्त्रण कार्यक्रम - 37001105	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	७००००	
१९	महामारी तथा प्रकोपजन्य रोगहरुको अबस्थामा RRT/ CRRT परिचालन गर्ने, चौमाशिक रिभ्यु तथा अभिमुखीकरण गर्ने	महामारी तथा रोग नियन्त्रण कार्यक्रम - 37001105	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	६००००	
२०	मानसिक स्वास्थ्य सम्बन्धी महत्वपूर्ण दिवस मनाउने (आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस)मानसिक स्वास्थ्य समस्याबाट प्रभावित ब्यक्तिका परिवारका सदस्यहरु (स्याहारकर्ताहरु) का लागी क्षमता अभिब्रिधी कार्यक्रम	महामारी तथा रोग नियन्त्रण कार्यक्रम - 37001105	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१९०००	
२१	रेबिज, सर्पदंश आदिको जनचेतनासम्बन्धि प्रचार प्रसार तथा दिवस मनाउने पशु पंक्षी आदीबाट हुने ईन्फ्लुएन्जा, बर्ड फ्लु, ए यम आर सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदी विभिन्न सरुवारोग सम्बन्धि रोकथाम र सचेतना कार्यक्रम	महामारी तथा रोग नियन्त्रण कार्यक्रम - 37001105	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२००००	

Scanned with CamScanner

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
२२	नियमित उपचार पुरा गर्ने बिरामिलाइ यातायात खर्च	अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम - 37001106	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	३०००	
२३	विश्व कुष्ठरोग दिवस तथा अपांगता दिवसको उपलक्ष्यमा कार्यक्रम	अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम - 37001106	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१५०००	
२४	स्थानीय तहका स्वास्थ्य संस्थाहरुको मासिक, चौमासिक समिक्षा, सूचना संकलन, गुणस्तर सुधार साथै विधुतिय प्रतिवेदनका लागि इन्टरनेट सेवा समशुल भुक्तानी समेत	अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली - 37001108	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२४१०००	
२५	बिद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान	राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र - 37001109	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१२५०००	
२६	विरामीको लागि ओ.पि.डि.टिकट (कार्वन कपी सहितको) छपाई	उपचारात्मक सेवा कार्यक्रम - 37001901	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१०००००	

Scanned with CamScanner

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
२७	आँखा नाक कान घाँटी तथा मुख स्वास्थ्य सम्वन्धि म. स्वा. स्वयंसेविकाहरु तथा स्वास्थ्य शिक्षकहरुको लागी अभिमुखिकरण	उपचारात्मक सेवा कार्यक्रम - 37001901	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	८००००	
२८	आधारभूत तथा आकस्मिक सेवा स्वास्थ्य चौकी/प्रा. स्वा. के./ प्राथमिक अस्पतालको न्यूनतम सेवा मापदण्ड अनुगमन सम्वन्धि अभिमुखिकरण कार्यक्रम	उपचारात्मक सेवा कार्यक्रम - 37001901	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१०००००	
२९	आधारभूत तथा आकस्मिक सेवाको लागि औषधि खरिद (पूर्वानुमान, परिमाण निर्धारण तथा स्पेशिफिकेसन तयार गर्ने कार्यको समेत खर्च)	उपचारात्मक सेवा कार्यक्रम - 37001901	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२०५००००	
३०	आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चततका लागि औषधीको आपूर्ति र उपयोग, सम्वन्धि कार्यक्रमहरुको अनुगमन तथा मूल्याङकन (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च)	उपचारात्मक सेवा कार्यक्रम - 37001901	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१०००००	
३१	औषधि लगायतका सामाग्रीको ढुवानी तथा रिप्याकिङ र वितरण समेत	उपचारात्मक सेवा कार्यक्रम - 37001901	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१०००००	
३२	औषधिको समुचित प्रयोग प्रवर्धनको लागि साथी समुह शिक्षा कार्यकम (peer group discussion) तथा आधारभूत स्वास्थ्य सेवा सम्वन्धि स्तरीय उपचार पद्धिति अभिमुखिकरण तथा समिक्षा कार्यक्रम	उपचारात्मक सेवा कार्यक्रम - 37001901	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१२५०००	
३३	न्यूनतम सेवा मापदण्ड कार्यान्वयनका लागि आवश्यक औजार उपकरण तथा स्वास्थ्य समाग्री खरिद, मर्मत तथा व्यवस्थापन	उपचारात्मक सेवा कार्यक्रम - 37001901	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२०००००	

Scanned with CamScanner

हरिपुर नगरपालिका

Conditional grant in accordance with program / project

आ.व. : २०७६/७७ बजेटको स्रोत/तह : नेपाल सरकार

रु.

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
३४	महीला स्वास्थ्य स्वयं सेविका कार्यक्रम (अर्ध वार्षिक समिक्षा र दिवस मनाउने)	नर्सिङ तथा सामाजकि सुरक्षा सेवा कार्यक्रमन र्सि - 37001902	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१२०००	
३५	आयुवेद तथा बैकलपीक चिकित्साका कर्मचारीको तलव भत्ता लगायतको बार्षिक खर्च	आयुर्वेद चिकित्साल यहरु / औषधालय हरु - 37003012	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२०७५०००	
३६	आयुर्वेद सेवा कार्यक्रम	आयुर्वेद सेवा कार्यक्रम - 37003102	स्वास्थ्य	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	७०००००	
३७	पोषण कार्यक्रम (युनीसेफ)	एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम - 37001104	स्वास्थ्य	नेपाल सरकार	युनिसेफ - सोझै भुक्तानी अनुदान	१६०००००	
जम्मा						४५३५००००	

Scanned with CamScanner

हरिपुर नगरपालिका

Conditional grant in accordance with program / project

आ.व. : २०७६/७७ बजेटको स्रोत/तह : नेपाल सरकार

रु.

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
१	सहकारी सिचाई, साना सिचाई मर्मत सम्भार तथा निर्माण	कृषि विभाग - 31201011	कृषि	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	५०००००	
२	भकारो सुधार कार्यक्रम	केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम - 31201105	कृषि	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	३०००००	
३	माटो परिक्षण गरी माटो सुधारको लागि सामग्री/ प्रविधि वितरण/ हस्तान्तरण	केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम - 31201105	कृषि	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२०००००	
४	पशु स्वास्थ व्यवस्थापनको लागि ओषधि वितरण	पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम - 31202102	कृषि	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१४५०००	
५	पशुपन्छी तथा मत्स्य उपचार सेवा	पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम - 31202102	कृषि	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	६००००	
६	वर्ड फ्लु रोग लगायत अन्यरोगहरुको नियन्त्रणको लागि वैठक तथा नमुना संकलन गरी पठाउने तथा प्रदेश तथा संघमा रिपोर्टिङ्ग गर्ने	पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम - 31202102	कृषि	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	७५०००	
७	विभिन्न खोपहरु लगाए वापत भ्याक्सिनेटरलाई पारिश्रमिक	पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम - 31202102	कृषि	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१२५०००	
८	तरल नाईट्रोजन ढुवानी भण्डारण तथा वितरण तथा व्यवस्थापन	पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम - 31202103	कृषि	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	२४००००	
	जम्मा					**१६४५०००**	

Scanned with CamScanner

हरिपुर नगरपालिका

आ.व. : २०७६/७७

Conditional grant in accordance with program / project

बजेटको स्रोत/तह : नेपाल सरकार

रु.

सि. नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
१	अस्थायी तथा करार कर्मचारीका लागि पोशाक	प्रधानमन्त्री रोजगार कार्यक्रम - 37100102	श्रम तथा रोजगारी	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१००००	
२	कार्यालय संचालन तथा मसलन्द खर्च	प्रधानमन्त्री रोजगार कार्यक्रम - 37100102	श्रम तथा रोजगारी	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	५००००	
३	तलव	प्रधानमन्त्री रोजगार कार्यक्रम - 37100102	श्रम तथा रोजगारी	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	४१७०००	
जम्मा						४७७०००	

Scanned with CamScanner

हरेपुर नगरपालिका

Conditional grant in accordance with program / project

आ.व. : २०७६/७७ बजेटको स्रोत/तह : नेपाल सरकार

रु.

सि.नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
१	राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय)	खेलकुद विकास कार्यक्रम - 34300102	युवा तथा खेलकुद	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१०००००	
						१०००००	

जम्मा

GM 2/9K

Scanned with CamScanner

हरेपुर नगरपालिका

Conditional grant in accordance with program / project

आ.व. : २०७६/७७ बजेटको स्रोत/तह : नेपाल सरकार

सि.नं.	अनुदान प्राप्त क्रियाकलाप	सब प्रोजेक्ट	उप क्षेत्र	Primary source	Secondary source	विनियोजित रकम रु.	कैफियत
५७	नवीकरणीय ऊर्जा प्रबिधिहरु (लघु तथा साना जलबिधुत, सौर्य ऊर्जा, वायोग्यास, वायोमास, ऊर्जाको उत्पादनमुलक परिप्रयोग) मार्फत ऊर्जा उत्पादन र परिप्रयोग	राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम - 30800104	उर्जा	नेपाल सरकार	नेपाल सरकार - नगद अनुदान	१२४५०००	
जम्मा						१२४५०००	

3/9K

Scanned with CamScanner

सि.नं.	उप क्षेत्र	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	जम्मा लक्ष	कुल बजेट
1	कार्यालय सञ्चालन तथा प्रशासनिक	पारिश्रमिक कर्मचारी~ (पोषण स्वयमसेवकको तलब ~ चाडपर्व खर्च~ पोशाक भत्ता~ सन्च	21111	218000	218000
2	कार्यालय सञ्चालन तथा प्रशासनिक	पदाधिकारी बैठक भत्ता (समिति)	21141	10000	10000
3	कार्यालय सञ्चालन तथा प्रशासनिक	अनुगमन~ मूल्यांकन खर्च (पदाधिकारी)	22611	10000	10000
4	स्वास्थ्य	हरिपुर न.पा भरिका गर्भवती महिलाहरुलाई पोषण पोका वितरण कार्यक्रम (चना~ केराउ	21122	1000000	1000000
5	स्वास्थ्य	हरिपुर न.पा. क्षेत्रभरिका सुत्केरी महिलाहरुलाई रु.५००० का दरले सुत्केरी भत्ता वितरण न	22529	421000	421000
					1659000.00

2/१२

Scanned with CamScanner

प्रदेश सरकार संग माग गर्ने योजनाहरु

क.स	आयोजनाको नाम	आयोजनाको स्थल	वडा नं.	अनुमानित लागत	जनसहभागिता
१	सडक स्तरोन्नती	बरहथवा ९ अनदेवको घरदेखि साविक वडा नं. ५ सम्म	१		
२	सोलार बत्ती जडान	मुल सडकको दुबै छेउ र बजारमा	१		
३	फलामे तार जाली	नम्बरी आवादी र वनको सिमानामा	१		
४	सामुदायिक भवन	बिच टोल (खैरा)	१		
५	सामुदायिक भवन	हरिपुर-१, हजारबिघा	१		
६	बाटो पिच	लखनदेहि ड्यामदेखि निलकमल बनको हुदिगें टोल सम्म	२		
७	सोलार बत्ती जडान	वडा नं. २ मा ५० वटा	२		
८	तटबन्ध निर्माण	कछडिया टोल देखी ढापटोल सम्म	२		
९	पक्की ढलान	लखनदेहि खोलामा कछडियाटोल पश्चिमबाट	२		
१०	डिप बोर्डिङ सिचाई	विधुतिय सिचाई डिप बोर्डिङ ५ वटा	२		
११	सिप तथा आयआर्जन तालिम	सिप तथा आयआर्जन तालिम	२		
१२	भवन निर्माण कार्य	मा.वि. फरहदवाको थप तल्ला	३		
१३	वाल तथा गेट निर्माण कार्य	ईदगह कम्पाउण्ड वाल	३		
१४	निर्माण कार्य	मस्जिदको गुन्जि निर्माण कार्य	३		
१५	भवन निर्माण कार्य	मदरशा थप भवन निर्माण कार्य	३		
१६	धर्मशाला निर्माण कार्य	महारानी माईस्थानको कम्पाउन्ड वाल र धर्मशाला निर्माण कार्य	३		
१७	पुनर्निर्माण कार्य	वडा कार्यालय पुनर्निर्माण कार्य	३		
१८	भवन निर्माण कार्य	सामुदायिक भवन निर्माण कार्य	४		
१९	रैना कम्पाउण्ड वाल र सम्याउने	हरिपुर न.पा.-५	५		
२०	झिम खोलामा पुल निर्माण मजुर्वा बजार	हरिपुर न.पा.-५	५		
२१	खोला देखि ईश्वरपुर सिमाना सम्म कालोपत्रे र नाला	हरिपुर न.पा.-५	५		
२२	उत्तर धर्मशाला देखि दक्षिण धर्मशाला सम्म मुल सडक कालोपत्रे	हरिपुर न.पा.-५	५		
२३	बाँध निर्माण	रजैया बाँध	६		
२४	मन्दिर निर्माण	अधुरो राम जानकी मठ	६		
२५	ईदगाह निर्माण	साविक वडा नं. ४ र लक्ष्मीपुर ६ मा	६		
२६	सामुदायिक भवन निर्माण	तत्मा टोलमा	६		
२७	पर्यटन विकास	हरिपुर-७	७		
२८	श्री लक्ष्मीनाथ महादेव मन्दिर निर्माण	हरिपुर-७, चिताईन	७		
२९	इटवा घाटको बाँध निर्माण	हरिपुर-७, चिताईन	७		

Scanned with CamScanner

प्रदेश सरकार संग माग गर्ने योजनाहरु

क.स	आयोजनाको नाम	आयोजनाको स्थल	वडा नं.	अनुमानित लागत	जनसहभागिता
३०	सडक तथा नाला निर्माण	पिडारी बजार देखि पिपरिया छुने सडक	९		
३१	नाला निर्माण	बजार देखि रामनाथ साहको घरसम्म	९		
३२	प्रदेश स्तरिय क्रिकेट प्रतियोगिता तथा मैदान मा कम्पाउण्ड वाल निर्माण	हरिपुर न.पा.-९	९		
३३	मर्मत सम्भार	हरिपुर ९ अन्तर्गत रहेका लखनदेहि खोला तटबन्ध	९		

Scanned with CamScanner

नेपाल सरकार राष्ट्रिय योजना आयोग संग माग गर्ने योजनाहरु

क्र.सं.	आयोजनाको नाम	आयोजनाको स्थल	वडा नं.	अनुमानित लागत	जनसहभागिता
१	नदी तटबन्ध ५ कि मि	लखनदेही नदीमा	१		
२	सोलार बत्ती जडान	मुल सडकको दुबै छेउ र बजारमा	१		
३	पुर्वाधार निर्माण	बिहानी सामुदायिक बनमा पर्यटकिय क्षेत्र बनाउन	१		
४	हाईटेक विधुतिय पोल	हजारबिघा मोड देखि बजार सम्म	१		
५	सामुदायिक भवन	बिच टोल (खैरा)	१		
६	सामुदायिक भवन	हरिपुर-१, हजारबिघा	१		
७	पर्यटकिय क्षेत्र निर्माण	हरिपुर न.पा.-५ (४० बिगाहा नेपाल सरकारको ऐलानी जग्गामा)	५		
८	प्रा.वि. मुजुर्वा तीनकोठे भवन निर्माण	हरिपुर न.पा.-५	५		
९	हरैया चोक देखि मुजुर्वा मुल सडक हुँदै खोला सम्म कालो पत्रे	हरिपुर न.पा.-५	५		
१०	भवन निर्माण	स्वास्थ्य चौकीको भवनको टेण्डर भएकोले सम्बन्धित मन्त्रालयमा कार्य गराउन पहल	६		
११	कालो पत्रे	नवलपुर मलंगवा सडकको पश्चिम जाने ढापटोल सम्म सडक	६		
१२	कालो पत्रे	नवलपुर मलंगवा सडकको पश्चिम जाने नदी सम्म सडक	६		
१३	पुल निर्माण	पतगछिया खोलामा	७		
१४	मन्दिर निर्माण	श्री लक्ष्मीनाथ महादेव मन्दिर	७		
१५	पुल निर्माण	लखनदेही नदीमा	९		

06/03/19

Scanned with CamScanner

हरिपुर नगरपालिकाको चौथो नगरसभा (चौथो दिन)

मिति २०७८।३।१८ गते बुधवार

बैठकका कार्यसूचीहरु

१.नगर सभाले गर्ने विभिन्न नीतिगत विषयहरुमा छलफल गरी आवश्यक निर्णय गर्ने ।

निर्णय नं. ५

आजको यस नगरसभाको कार्यसुचीमा चढी निर्णयको लागी पेश भएको **नगर सभाले गर्ने विभिन्न नीतिगत विषयहरुमा आवश्यक निर्णय गर्ने** प्रस्ताव उपर छलफल गर्दा नगर प्रमुखज्युबाट प्रस्ताव भए बमोजिम यस नगरसभाबाट देहाय अनुसारका निर्णयहरु गरी कार्यान्वयनको लागी नगर कार्यपालिकालाई निर्देशन दिने निणय गरियो ।

निर्णय नं. ५-१

आजको यस नगरसभाको कार्यसुचीमा चढी निर्णयको लागी पेश भएको विभिन्न समिती गठन सम्बन्धि प्रस्ताव उपर छलफल गर्दा नेपालको संविधानको भाग १७ को धारा २१७ बमोजिम गठन हुने न्यायिक समिति र योजना अनुगमनको लागी गठन हुने अनुगमन तथा सुपरीवेक्षण समिती गठन गर्ने कानूनी व्यवस्था भए अनुसार विषयगत अनुभव र विज्ञताका आधारमा निम्न सदस्यहरुको नाम सभामा प्रस्ताव भई छलफल भएको र नगर सभा सञ्चालन कार्यविधि २०७४ को दफा १६ बमोजिम निर्णयार्थ पेश हुदा सभाका निम्न सदस्यहरुलाई न्यायीक समिती र योजना अनुगमन तथा सुपरीवेक्षण समितीको सदस्य पदमा मनोनयनका लागि सर्व सम्मत निर्णय गरियो ।

न्यायिक समिति:

संयोजक : उप प्रमुख रेणुका देवी काफ्ले
सदस्य : रामेश्वर प्रसाद साह
सदस्य : माहालक्ष्मी विश्वकर्मा

योजना अनुगमन तथा सुपरीवेक्षण समिति :

संयोजक : नगर उप प्रमुख रेणुका देवी काफ्ले
सदस्य : जनकलाल महरा (नगर प्रमुखले तोकेको एकजना कापा सदस्य)
सदस्य : सुनैना देवी चौधरी (नगर प्रमुखले तोकेको एकजना कापा सदस्य महिला)
सदस्य : प्रमुख प्रसासकिय अधिकृत
सदस्य सचिव : योजना हेर्ने ईन्जिनियर

06/8/02 19C

Scanned with CamScanner

निर्णय नं. ५-२

प्रदेश कानुनले व्यवस्था गरे अनुसार आगामी आ.ब. २०७६।०७७ को लागि पदाधिकारीहरुको मासिक सुविधा दैनिक भ्रमण भत्ता क) तालिकामा उल्लेख भए अनुसारको दरमा स्वीकृत गर्ने र सोही अनुसारको दरमा मासिक सुविधा पाउने गरी व्यवस्थापन गर्न कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो । त्यसै गरी नगरपालिकाबाट सञ्चालन हुने तालिम, गोष्ठी तथा सेमिनार आदिमा गरिने खर्चको नर्म्स निम्न ख) तालिकामा भए अनुसार स्विकृत गर्ने निर्णय गरियो ।

क) तालिका

मासिक सुविधा र दैनिक भ्रमण भत्ता :

सि न	पदाधिकारी	मासिक सुविधा	दैनिक भ्रमण भत्ताको दर
१.	नगर प्रमुख	३५०००	१६००
२	उप प्रमुख	३१०००	१६००
३	का पा सदस्य	२२०००	१२००
४	नगर सभा सद्स्य	७०००	१२००

ख. तालिका

क.सं.	बिबरण	इकाई	वढीमा खर्च सिमा
१	कार्यकम संयोजक	प्रति दिन	१२००।००
२	**कार्यकम प्रस्तुतकर्ता**		
२.१	मुख्य प्रशिक्षक/सहजकर्ता	प्रति कक्षा	२०००।००
२.२	सहायक प्रशिक्षक	प्रति कक्षा	१५००।००
२.३	मुख्य प्रशिक्षक/सहजकर्ता	प्रति दिन	४०००।००

Scanned with CamScanner

२.४	सहायक प्रशिक्षक	प्रति दिन	३०००।००
२.५	कार्यपत्र वापत	प्रति कार्यपत्र	१०००।००
३	खाजा खर्च	प्रति जना	२००।००
४	खाना खर्च	प्रति जना	४००।००
५	सहभागी यातायात खर्च	प्रति जना	५००।००
६	वाहिरको प्रशिक्षक दै.भ्र.भ.	प्रति दिन	१६००।००
७	वाहिरको प्रशिक्षक यातायात खर्च	बिल अनुसार	नियमानुसार
८	स्टेशनरी		२००।००

निर्णय नं. ५-३.

- नगरपालिकाको सम्पुर्ण काम कारवाहीलाइ चुस्त दुरुस्त रुपमा संचालन गर्न नगर प्रमुख ज्युको निजी सचिवालयको गठन गर्ने र संचालन गर्ने, न्यायीक समितीको कार्यालय तथा वडा कार्यालयलाई व्यवस्थित रुपमा संचालन गर्न निम्नानुसारको रकम चालु खर्च शिर्षकको अन्य कार्यालय संचालन खर्चबाट मासिक रुपमा विल भर्पाइ लिएर भुक्तानी दिन तथा यस नगरपालिकाका पदाधिकारीज्युहरुलाई देहाय वमोजिमको सुविधा उपलब्ध गराउन नगरपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।
- १. नौ वटा वडा कार्यालयलाई प्रती वडा (इन्धन,कार्यालय संचालन , अतिथी सत्कार , वडामा हुने वैठकको चियापान वापत विविध खर्च र संचार खर्च) समेतको लागी मासिक रु. पन्ध्र हजार मात्र । (२०७६ श्रावण महिना देखि भुक्तानी गरिने)
- २.न्यायीक समितीको कार्यालय (कार्यालय संचालन , अतिथी सत्कार , समितीको वैठकको चियापान वापत विविध खर्च र संचार खर्च) समेतको लागी मासिक रु. पन्ध्र हजार मात्र । (२०७६ श्रावण महिना देखि भुक्तानी गरिने)
- ३.नगर प्रमुख ज्यु को निजी सचिवालय (कार्यालय संचालन, अतिथी सत्कार, चियापान वापत विविध खर्च र संचार खर्च) समेतको लागी मासिक रु. पन्ध्र हजार मात्र । (२०७६ श्रावण महिना देखि भुक्तानी गरिने)
- नगर प्रमुख ज्युलाई इन्धन सुविधा वापत १८० लि. डिजल र उप प्रमुख ज्युलाई इन्धन सुविधा वापत १२० लि.डिजल मासिक रुपमा सवारी लगबुक भरेर सेवा सुविधा दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं.५-४

➢ **मर्मत संभार कोषको स्थापना र व्यवस्थापनः**

हरिपुर नगरपालिका क्षेत्र भित्र रहेका सडक लगायत अन्य भौतिक पूर्वाधारहरुको नियमित मर्मत सम्भार तथा निर्माण कार्यको लागि प्रशासनिक खर्च बजेट बाहेकको रकमको कम्तीमा १.५ प्रतिशतले हुन आउने रकम रहने गरी मर्मत सम्भार कोष स्थापना गर्ने । उक्त मर्मत संभार कोषमा जम्मा भएको रकम कार्यपालिकाले आवश्यकता र आकस्मिकताको आधारमा कार्यविधि तय गरी सडक मर्मत सम्भार लगायत भौतिक पूर्वाधारमा खर्च गर्न सक्ने गरी अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.५-५

यस हरिपुर नगरपालिकामा हाल बारुणयन्त्र नरहेकोले छिमेकी नगरपालिका सँग समन्वय गरी सँयुक्त लगानीमा बारुण यन्त्र खरिद गरी प्रयोग गर्नू पर्ने भएकोले बारुण यन्त्र खरिद गर्न तथा सँचालन गर्न आवश्यक निर्णय गर्न कार्यपालिकालाइ अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ५-६

नेपालको संविधान (२०७२) तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकाको समुन्नत विकासका लागि देश विदेशका नगरपालिका संग भगिनी सम्बन्ध कायम गर्न नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ५-७

यस नगरपालिका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह सरकारी संस्था लगायतका संघ संस्थाहरुले यस नगर क्षेत्रमा संचालन गर्ने कार्यक्रम तथा परियोजनाहरु नगरपालिकाको स्वीकृत मापदण्डको अधिनमा रही नगरपालिकाले स्वीकृत गरे पश्चात मात्र परियोजना तथा कार्यक्रमहरु संचालन गर्न दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ५-८

नगरपालिकाको मुख्य बाटोको क्षेत्राधिकार भित्र रहेका घुम्ती व्यापार व्यवसाय,टहरा , ग्यारेजहरु आदिलाई बाटोको अधिकार क्षेत्रमा व्यवसाय संचालनका लागि रोक लगाई मुख्य सडकलाई सुरक्षित सफा र शुन्दर वनाउदै लैजाने निर्णय गरियो ।

निर्णय नं. ५-९

नगरपालिकामा स्थायी रुपमा कार्यरत कर्मचारीहरुको लागि सेवा सुरक्षालाई ध्यान दिदै कर्मचारी कल्याण कोष खोल्ने निर्णय गरियो ।

निर्णय नं ५-१०

यस हरिपुर नगरपालिकाको नगर कार्यपालिकामा प्रस्तुत भएको आ.ब. ०७६/०७७ को बजेटमा व्यवस्था भए बमोजिमको रकमबाट खरीद गर्नु पर्ने निर्माण सामाग्री, सेवा तथा वस्तुहरुको खरिदको कार्यतालिका साहतको खारेद योजना स्वीकृत गरी लागु गर्न कार्यपालिकालाइ अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.५-११

नगरमा आईपर्ने विपत्ती (विपद्) का कारणले अत्यावश्यक योजनाहरु संचालन गर्नु पर्ने अवस्था आएमा विपत व्यवस्थापन कोषबाट आवश्यक रकम खर्च गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५-१२

आ.व. २०७६/०७७ का लागि वडा समितिबाट माग भई आएका योजनाहरु मध्ये नगरपालिकाको बजेटबाट संचालन हुन नसकेका योजनाहरु योजना बैंकमा राखी प्राथमिकताका आधारमा प्रदेश र संघमा सिफारिस गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं.५-१३

नगरपालिकाको न्यायिक समिति र नगरपालिकालाई विभिन्न मुद्दा, पैरवी गर्न र अन्य कानुनी परामर्श लिनका लागि उचित पारिश्रमिक दिई १ (एक) जना कानुनी परामर्शदातालाई नियुक्ती गरी करार सम्झौतामा काममा लगाउने निर्णय गरियो ।

निर्णय नं.५-१४

शुल्कमा आधारित सार्वजनिक निजी साझेदारी (3Ps) मोडलको फोहोरमैला व्यवस्थापन प्रणाली अनुसार साझेदारीको लागि प्रक्रिया आरम्भ गर्न नगरपालिकालई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं.५-१५

यस हरिपुर नगरपालिकाको सबै वडाका ठेक्का लाग्न सक्ने पोखरी, हाटबजार तथा नदि खोलाहरुको यथाशिघ्र ठेक्का बन्दोवस्त गर्ने प्रक्रिया अगाडी बढाउन वातावरणिय परिक्षण लगायतका काम गर्न नगरकार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.५-१६

नगर क्षेत्र भित्र संचालनमा रहेका र अब उप्रान्त संचालनको लागि अनुमति माग भई आउने संस्थागत विद्यालयहरुलाई प्रचलित ऐन, कानून र परिपत्रका आधारमा नियमन गर्ने, कक्षा थप गर्ने, नयाँ विद्यालय संचालनका लागि अनुमति दिने अधिकार नगर शिक्षा समितीलाई दिने निर्णय गरियो ।

निर्णय नं.५-१७

कर्मचारीहरुको समग्र कामको मुल्याङकन गरी राम्रो काम गर्ने कर्मचारीको हकमा यस नगरपालिकाका मुख्य कार्यालयमा कार्यरत कर्मचारीहरुको प्रमुख प्रशासकिय अधिकृतबाट तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको वडा समितिको सिफारिस गरे बमोजिम

Scanned with CamScanner

कर्मचारीलाई कामको आधारमा नगर कार्यपालिकाको निर्णय वमोजिम प्रोत्साहन भत्ता तथा पुरस्कार दिने निर्णय गरियो ।

निर्णय नं.५-१८

यस नगरपालिकाबाट आगामी आवमा उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरूको लागी ठोस संरचना निर्माणमा १० दश प्रतिशत र ग्राभेल तथा माटोको कार्यका लागी कुल लागतको १२ वारह प्रतिशत ले हुने रकम जनसहभागीता गर्ने नीति अनिवार्य रूपमा लागु गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.५-१९

नगरपालिकाले सम्पादन गरेको विविध विकास गतिविधिहरू नागरिक समक्ष जानकारी गराउन एफ एम. रेडियो मार्फत नियमित कार्यक्रम वनाएर प्रशारण गर्ने र नगर सुचना तथा अभिलेख केन्द्रको स्थापना गरी त्रैमासिक वुलेटिन,पूस्तिका नियमीत रूपमा प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.५-२०

नगरपालिकाको स्वामीत्व तथा संरक्षणमा रहेका सार्वजनिक बाटो मठ,मन्दिर ,गुम्वा,मस्जिद,पाटी पौवा,प्राचिन स्मारक,ताल तलैया ,पोखरी,पार्क पर्ती जग्गा,सार्वजनिक जग्गा,खेलकुद मैदान,देवालय तथा सार्वजनिक संपतीहरूको अभिलेख तयार गरी संरक्षण गर्ने निर्णय गरियो ।

निर्णय नं.५-२१

यस नगरपालिकाबाट वितरण गरिने समाजीक सुरक्षा कार्यक्रमको रकम पाउने लाभग्राहीहरुको पन्जीकरण शाखाबाट एम आइ एस इन्ट्री भइ पेश भएको नामावलीको आधारमा देहाय वमोजिमको सख्यात्मक विवरण स्वीकृत गरी उक्त रकम वितरणको अनुगमन वडा समिती मार्फत गर्ने गराउने निर्णय गरियो ।

जेष्ठ नागरिक ७० वर्ष पुरा भएका सख्या-	346
दलित जेष्ठनागरिक सख्या-	67

Scanned with CamScanner

६० वर्ष पुरा भएका एकल विधुवा महिला सख्या- 169
एकल महिला सख्या- 1
पुर्ण अपाङ्ग रातो कार्डवाला सख्या- 19
आशिक अपाङ्ग निलोकार्ड वाला सख्या- 21
दलित वालवालिका सख्या- 49
वाल पोषण सख्या - 404

निर्णय नं.५-२२

यस नगरपालिकामा वाल मैत्री स्थानिय शासन **(Child friendly local Governance-CFLG)** अवलम्वन गरी वाल मैत्री नगरपालिका वनाउने निर्णय गरियो ।

निर्णय नं.५-२३

यस नगरपालिका भित्र संचालन गरिने प्रत्येक आयोजनाको सम्बन्धित कार्यान्वयनकर्ताले आयोजना स्थलमा नै सार्वजनिक परिक्षण गरेपछि मात्र अन्तिम किस्ता भुक्तानी दिन तथा सामाजीक परिक्षण र सार्वजनिक सुनवाइ जस्ता जनतालाई सुशुचित गर्ने कार्यक्रम संचालनका लागी नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.५-२४

यस नगरपालिका र साविक गाविस कार्यालयबाट पेश्की लिइ हालसम्म पनि पेश्की फर्छ्यौट नगर्ने व्यक्ती, संघ, संस्थाहरूलाई अभिलम्व पेश्की फर्छ्यौट गर्ने कार्वाही गर्न नगरपालिकालाई कडा निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.५-२५

यस नगरपालिकाको लेखा परिक्षणबाट देखाएको वेरूजुहरूलाइ नियमित तथा असुल उपर गर्न नगरपालिकालाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.५-२६

शहरी विकास मन्त्रालयबाट जारी भएको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड-२०७२ तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी भएको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्ग दर्शन-२०७२ अनुसार नयाँ संरचनाहरु सोही बमोजिम निर्माण गर्न स्विकृति दिने, नगरपालिका घोषणा पश्चात नक्सापास नगरी र नगरपालिकाको स्विकृती बिना घर-संरचना बनाउनेहरुलाई स्थानीय सरकार संचालन ऐन-२०७४ अनुसार नियमन गरी सोही ऐन बमोजिम उचित जरीवाना समेत कडाईका साथ असुल उपर गरी नगरपालिकाको

Scanned with CamScanner

स्विकृती विना नगर क्षेत्रमा हुने लापरवाही र गैर जिम्मेवारीपूर्ण निर्माण कार्यलाई निरुत्साहित गर्ने एवंम् नगरपालिका घोषणा पूर्व बनेका घर संरचनाहरुको लगत लिई मापदण्ड पुगेका संरचनाहरुको प्राविधिक प्रतिवेदन लिई नक्सापास गरी दिने, सडक सिमा, सार्वजनिक जग्गा र साँधियार तर्फ मिचिएको भए सुधार गर्न लगाई अन्यको हकमा तोकिएको शुल्क-दस्तुर लिई अभिलेखिकरण गरी रेकर्ड अद्यावधिक गर्ने र सो नगरिएका भवनहरुलाई सरकारी, अर्ध सरकारी वा संघ संस्थाले भाडामा लिन नपाउने र नेपाल सरकारबाट तयार भवन निर्माण सम्बन्धि आधारभुत मापदण्डलाई आगामी आवमा यस नगरपालिको भवन निर्माण तथा नक्सा पास सम्बन्धि कार्यबिधि तथा मापदण्ड नवनुन्जेल सम्म कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

निर्णय नं.५-२७

नगरपालिकाको कार्यालयलाई चुस्त दुरुस्त संचालन गर्नको लागी तहगत स्थायी कर्मचारीहरुको दरवन्दीको हकमा संघिय सरकारबाट स्वीकृत गरेको संगठन संरचना अनुसार नै हुने गरी स्थायी कर्मचारीहरुको संगठन संरचना स्वीकृत गरियो र यस नगरपालिकालाई नभइ नहुने संघिय सरकारबाट स्वीकृत दरवन्दी संरचनामा नभएका निम्नस्तरका दरवन्दीमा सेवा करार मार्फत व्यवस्थापन गर्ने कर्मचारीहरुको हकमा भने स्थानीय सरकार संचालन ऐनको दफा ८३ को उपदफा ८ अनुसार देहाय वमोजिम दरवन्दी सिर्जना गरी सेवा करार मार्फत काम गराउने निर्णय गरियो ।

दरवन्दीको विवरण

क.स.	पदको विवरण	सेवाको प्रकार	गर्नु पर्ने कामको विवरण	दरवन्दी रहने शाखा	दरवन्दी संख्या	मासिक तल
१	नगर प्रहरी	प्रशासन	नगर सुरक्षा गस्ती तथा कार्यालय सुरक्षा	नपा कार्यालय	०	
२	कार्यालय सहयोगी	प्रशासन	कार्यालय सरसफाइ तथा हेरचाह,समयमा कार्यालय खोल्ने वन्द गर्ने वैठकको समयमा खाजा नास्ता वितरण गर्ने र खटिएको शाखाबाट लाए अराएको काम गर्ने	योजना,प्राविधिक,विषयगत शाखा,र जिन्सी शाखा समेतको लागी-१,प्रशासन शाखा-१,आर्थिक प्रशासन शाखा-१,नगर प्रमुखज्युको सचिवालय-१,न्यायीक समिति-१ , वडा कार्यालयहरु-९ र प्रमुख प्रशासकिय अधिकृतको आवासमा-१	१५	
३	इलेक्ट्रीसियन	प्राविधिक	नपा कार्यालय तथा अन्तर्गतका कार्यालयको इलेक्ट्रीसियन सँग सम्बद्ध सवै कामहरु गर्नु पर्ने	प्रशासन शाखा	१	
४	प्लम्बर	प्राविधिक	नपा कार्यालय तथा अन्तर्गतका कार्यालयको प्लम्बीङ सँग सम्बद्ध सवै कामहरु गर्नु पर्ने	प्रशासन शाखा	१	

Scanned with CamScanner

५	हलुकासवारी चालक	प्राविधिक	कार्यालयले आवश्यक ठानेको जुनसुकै समयमा सवारी साधन चलाउने र राम्रो,सुरक्षित तरिकाले सवारी साधनको हेरविचार गर्ने	प्रशासन शाखा	४	(सवारी साधन खरि गरेपछि मा दरवन्दी सृजना हुने
६	भारी सवारी चालक	प्राविधिक	कार्यालयले आवश्यक ठानेको जुनसुकै समयमा सवारी साधन चलाउने र राम्रो,सुरक्षिण्त तरिकाले सवारी साधनको हेरविचार गर्ने	प्रशासन शाखा	२	
७	चौकीदार	प्राविधिक	नपा कार्यालयको चौकीदारी गर्ने	प्रशासन शाखा	२	
८	कुचीकार तथा मेस्तर	प्राविधिक	तोकिएको ठाउँमा झाडु लगाउने र सौचालय सरसफाइ गर्ने	प्रशासन शाखा	१	

निर्णय नं.५-२८

नगरपालिकाको कार्य संचालनको लागि हाल कार्यरत कर्मचारी नपुग हुने संघीय सरकारबाट कर्मचारी समायोजन भई आउने सन्दर्भ चलिरहेको र हाल सम्म समायोजन भइ दरवन्दी अनुसारका कर्मचारी नआएको र नगरपालिकाको दैनिक कार्य संचालनमा समेत बाधा परिरहेको हुँदा दरवन्दी तेरिज अनुसारका कर्मचारी नआए सम्मका लागी अत्यावश्यक प्राविधिक जनशक्ति तथा सहयोगी कर्मचारीहरु नगर कार्यपालिकाले विगत आव देखि नै सेवा करार मार्फत व्यवस्थापन गर्दै आइरहेको सन्दर्भमा यस सभाको ध्यानआकर्षण हुँदा साविक गा.वि.स.तथा जि.वि.स.बाट नियुक्ती पाई हाल सम्म अविछिन्न रुपमा निरन्तर सेवा गरीरहेका देहाय बमोजिमका कर्मचारीहरुको हकमा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८७ को व्यवस्था अनुसार नभए सम्मको लागी आगामी आ.व.२०७६/०७७ मा पनि निज कर्मचारीहरुलाई करारको म्याद थप गरी निरन्तर रुपमा काममा लगाउन नगर कार्यपालिका तथा प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन सहित आदेश दिने निर्णय गरियो ।

तपसिल :

क्र. स.	कर्मचारीको नाम थर वतन	पद/क्षेणी/तह	साविक नियुक्ती मिती :	तलव भत्ता	कैफिय
१	अशोक कुमार थापा	कम्प्युटर अपरेटर/ (सहायक स्तर पाँचौ तह)	२०७१/११/२६	नेपाल सरकारको नियम अनुसार	
२	रन्जीत कुमार साह	कार्यालय सहायक	२०६९/०७/२४	नेपाल सरकारको	

Scanned with CamScanner

				नियम अनुसार	
३	चण्डिका मैनाली	कार्यालय सहायक	२०७१/१०/०५	नेपाल सरकारको नियम अनुसार	
४	राधिका कुमारी अधिकारी	कार्यालय सहायक	२०७१/१०/०१	नेपाल सरकारको नियम अनुसार	
५	सरिता कुमारी मिर्दाहा	सामाजिक परिचालक	२०७३/०१/०८	सामाजिक परिचालकको नम्स अनुसार	
६	रिकु कुमार चौधरी	सामाजिक परिचालक	२०७०/०४/२४	सामाजिक परिचालकको नम्स अनुसार	

निर्णय नं.५-२९

यस नगरपालिकालाई पुर्ण सरसफाइ सहितको नगरक्षेत्र बनाउनु पर्ने भएकोले यस कार्यलाई सामाजिक आन्दोलनको रुपमा अगाडि बढाई हरेक घर-घरमा अनिवार्य रुपमा चर्पी बनाउन लगाई चर्पीमा दिसा पिसाब गर्न लगाउने, वातावरणमैत्री स्थानीय शासन प्रारुप-२०७० को घरपरिवार र टोलबस्तीस्तरको आधारभुत सूचकहरु अनिवार्य रुपमा पुरा गराउन सामाजिक परिचालन, टोल सुधार समिति, वडा समिति नागरीक समाज मार्फत तत्काल देखि अभियान चलाउने र उल्लेखित कार्यको पालना नगर्ने व्यक्ती र घरपरिवारलाई नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारको सेवाबाट बंचित गरी जिल्लाका अन्य कार्यालयहरुलाई समेत परिपत्र गरी पुर्ण सरसफाई कार्ड नहुने लाई सबै प्रकारको सेवाबाट बंचित गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.५-३०

नगरपालिकाले शहरी क्षेत्र र सार्वजनिक सडकहरुमा जथाभावी पशु चौपाय छाडा छोडने, चौपाया सडकमा बाध्ने ,सवारी साधन र पैदल यात्रीहरुलाई बाधा पुग्ने गरी निर्माण सामाग्री वा अन्य मालबस्तुहरु सार्वजनिक स्थान वा सडकमा राख्ने तथा जथाभावी फोहर गर्ने र फाल्नेलाई फोहरमैला व्यवस्थापन ऐन-नियमावली र प्रचलित अन्य ऐन नियमावली अनुसार दण्ड-जरीबाना गरी नियमन गर्ने निर्णय गरियो ।

निर्णय नं.५-३१

हरिपुर नगरपालिकाको विकासका विभिन्न स्थायी सरंचना निर्माण गर्नको लागि प्राप्त हुने वित्तीय श्रोत न्यून रहेकोले आवश्यक अध्ययन गरी नगरको विकासका लागी नगर विकास कोष लगायतका वित्तीय साझेदार निकायहरु संग पहल तथा संझौता गर्नको लागि नगर कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं.५-३२

नगरपालिका क्षेत्र भित्रमा हुने घटना दर्ता तथा पञ्जीकरणका कार्यहरु नगरबासीलाई नजिकबाट सेवा प्रदान गर्ने उद्देश्य अनुरुप प्रत्येक वडा कार्यालयहरुबाट नै पंजीकरण तथा घटना दर्ताको कार्यलाई अनलाईन प्रणालीसँग आवद्ध गर्न र सो कार्यको लागि आवश्यक पूर्वाधार तथा जनशक्तिको व्यवस्थापन गर्न कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.५-३३

यस हरिपुर नगरपालिकाको क्षेत्रमा जन्मी हुर्की देश विदेशका विभिन्न क्षेत्रमा ख्याति आर्जन गर्न सफल भएका तथा विषयगत क्षेत्रमा विज्ञता हासिल गरी पहिचान बनाउन सफल भएका साथै हाम्रो हरिपुर नगरपालिकालाई माया र सहयोग गर्न चाहने व्यक्तित्वहरुको रोष्टर निर्माण गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.५-३४

यस नगरपालिकाको वजार क्षेत्रमा अव्यवस्थित यत्रतत्र रुपमा रहेका विद्युतका पोलहरू तथा अव्यवस्थित ढंगले वजार क्षेत्रमा रहेको विजुलीका तारका लाईनहरुलाई भूमिगत रुपमा विस्तार गर्न तथा पोलहरुलाई वाटोबाट हटाइ व्यवस्थित गर्न तथा सिंचाईको लागि किसानहरुको खेत तथा आवश्यक ठाउँमा तार पोलको व्यवस्था गरि दिनु हुन विद्युत प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.५-३५

माथी खर्च शिर्षकको सवारी साधन महलमा छुटयाईएको रकमबाट देहाय बमोजिमको सवारी साधन खरिद गर्ने निर्णय गरियो ।

देहाय:

१. चार पाङ्ग्रे हलुवा सवारी साधन १ थान

२. एम्बुलेन्स एक थान ।

निर्णय नं.५-३६

यस नगरपालिकाको कार्यसन्चालनको शिलशिलामा विभिन्न मितीमा नगरकार्यपालिका वोर्डले गरेका निर्णयहरु आजको नगरसभामा छलफल हुदाँ तत्कालिन अवस्थामा निर्णय नगरी नहुने अवस्था देखिन

2/9C

Scanned with CamScanner

अएकोले चालु आबको शुरुका दिन देखि हाल सम्म गरेका सबै निर्णयहरुलाइ स्वीकृती गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.५-३७

नगर सभा संचालन कार्यबिधि २०७४ को दफा १६ बमोजिम अध्यक्षज्यूबाट प्रस्ताव निर्णयार्थ सभा समक्ष पेश हुँदा यस नगर सभाले निर्णय गर्नु पर्ने बिषयहरु नगर सभाको यस बैठकमा आवश्यक तयारी पुरा गरी पेश गर्न समय सिमाका कारण सम्भव नभएको हुँदा नगर सभाबाट पारित ऐन बजेट, नीति कार्यक्रम प्रस्ताव एवं निर्णय कार्यन्वयन गर्ने लगायतका बिषयहरुमा कुनै निर्णयहरु गर्नु पर्ने भएमा वा बाटो खुल्ला गर्न वा बाधा अड्काउ फुकाउन यस नगर सभामा निहित त्यस्ता अधिकारहरु कार्यन्वयन गर्न आगामी आ.ब ०७६।०७७ का लागि नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.५-३८

नगरपालिकाको न्यायिक समितीले न्यायिक कामकारवाहीको शिलसिलामा मेलमिलप गराए वापत मेलमिलाप केन्द्र र न्यायिक समितीका पदाधिकारीहरुलाई खाना खर्च रु. ४००।- यातायात खर्च वापत रु. ५००।- प्रती फैसला खर्च स्वरुप दिने निर्णय गरियो ।

निर्णय नं.५-३९

यस नगरपालिकाको हाल सम्म पनि नगर प्रोफाइल बनाउन नसकिएकोले तेस्रो नगर सभाबाट इन्जयरिङ्ग परामर्श सेवामा बिनियोजित गरिएको रु.३५,००,०००।- बाट आगामी आ.व.२०७६/०७७ मा जिम्मेवारी सारी नगर प्रोफाइल लगायतका कार्यहरु गर्न निर्णय गरियो ।

निर्णय नं.५-४०

यस नगर क्षेत्र भित्र रहेका सडकहरुको अधिकार क्षेत्र सम्बन्धि विषयमा छलफल गर्दा दोस्रो नगर सभाबाट पास भएको मुल सडकहरुको अधिकार क्षेत्र (मापडण्ड) गाँउ बस्ती भित्र नपुग स्थानमा न्युनितम २९ फिट चौडा र नक्सा भएका स्थानहरुमा नक्सा बमोजिम हुने बाँकी स्थानको ३० फिट र अन्य भित्री सडकहरु बढाको निर्णय अनुसार सडक अधिकार क्षेत्र कायम राख्ने निर्णय गरियो ।

निर्णय नं.५-४१

